Reg No: 2763/51
SWC Affiliation No.: 26282

"प्रकोप व्यवस्थापनका लागी सचेत, संगठित र क्षमतावान समुदायको निर्माण गरौं"

# राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल, नेपाल
# (DiMaNN National Disaster Management Network)

**विषयः- प्रेस विज्ञप्ती**

गत असोज ११ देखि १३ सम्म देश भर परेको अविरल भारी बर्षाले देशका विभिन्न जिल्लाहरुमा ठूलो जनधनको क्षति पुगेको छ । विपद्बाट २२४ जनाको मृत्यु २४ जना वेपत्ता, १५८ जना धाइते, १२सय भन्दा बढी घरहरुमा क्षति सयौको विस्थापन र अरवौ सम्पत्ति क्षति भएको समाचारहरु प्रकाशमा आएका छन् । यस दुखद परिस्थितिमा अकालमा ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रदान्जली सहित मृतकका परिवारजनहरु प्रति सम्वेदना तथा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

यस पटकको वाढी, पहिरो, डुवानबाट कतिपय राजमार्ग र भित्र सडकहरु क्षतविक्षत बनेका छन् । कतिपय बजारहरुमा गंभिर क्षति पुर्याएको छ । प्रभावितहरुको खाना, वस्ने वास, लत्ताकपडा र औषधी उपचार, खानेपानी, सरसफाई, सडक, विजुली, सञ्चार समेतका भौतिक संरचना नष्ट भएको कारण सुविधाको अवस्था असहज वन्न पुगेको छ । दुषित खानेपानी र सरसफाइजन्य रोगका कारण महामारीको समस्या बढ्ने र बजारमा कृतिम अभाव, कालोबजारी बढ्ने, प्रभावितहरुमा मनोसामाजिक परामर्शको प्रदान गर्नुपर्ने संकेतहरु देखिएका छन् । यस विपद्पूर्ण अवस्थामा प्रभावितहरुलाई राहत र उद्धारको तत्काल खाँचो परिहेकोछ । पीडीतहरुको राहतका लागि तत्काल नेपाल सरकारको तर्फबाट देखाएको तत्परता र विभिन्न गैर सरकारी सामाजिक संघ संस्थाहरुबाट भैरहेका सहयोगहरु पर्याप्त छैनन ।

विपद् कुनै व्यक्ति समुदाय र क्षेत्रको निजि मामला नभै यो एउटा सामाजिक, सार्वजनिक, मानवीय, मानवतावादी एवं मानव अधिकारको विषय हो । हाम्रा सामु घटेका यी विपद्का घटनाहरुमा राहत, उद्धार तथा पुनर्लाभ समेतका विपद् व्यवस्थापनका कार्यका लागि आवश्यक सहयोग जुटाउन पर्याप्त बजेट सहित राहत पुर्नलाभ, पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यक्रम लागू गरी विपद् व्यवस्थापनको कार्यलाई थप व्यवस्थित, समन्वयात्मक एवं योजनावद्ध ढंगले सञ्चालन गरी राज्यको आधारभूत सामाजिक सुरक्षाको उत्तरदायित्वलाई उच्च प्राथमिकताकासाथ पुरा गर्न नेपाल सरकार, सम्वन्धित प्रदेश, स्थानीय तह तथा विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत सम्वद्ध सवै सरोकारवाला पक्षसंग हार्दिक अनुरोध अनुरोध गर्दछौ ।

साथै यस विपद्को दुखद घडीमा पीडीतहरुको राहत तथा पुनर्स्थापनाका लागि विशेष रुपमा डिमान आवद्ध सम्पूर्ण सदस्य संस्थाहरुलाई जिम्मेवार, अनुशासित, मर्यादित एवं स्वस्फुर्त स्वयमसेवी भावले विभिन्न सरकारी तथा गैर सरकारी संस्था निजी क्षेत्र स्थानिय निकायहरुसंग सहकार्य र समन्वय, साझेदारीमा क्रियाशिल हुन अनुरोध गर्दछौ । यस संवेदनशील घडीमा यस मानविय सहायताको काममा सबै राजनीतिक दल, नागरिक समाज, राष्टिय तथा अन्तराष्टिय गैर सरकारी संघ संस्था, उद्योगी, व्यापार व्यवसायी, शिक्षक, कर्मचारी, पेशाकर्मी, सञ्चार जगत, विद्यार्थी लगायत आम नेपाली दाजु भाई दिदि वहिनीले आ-आफ्नो क्षेत्रबाट योगदान गर्न राष्टिय प्रकोप व्यवस्थापन सञ्जाल नेपाल (डिमान) हार्दिक अपिल गर्दछ ।

विष्णु प्रसाद तिमिल्सिना मितिः
महासचिव
मो.नं. ९८५१२४८०९५

मितिः २०८१/०६/१६

सूर्य वहादुर थापा
अध्यक्ष
मो.नं. ९८५१०९८७४४